**<u>देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :</u>**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. १८/४८-२०७५।०४।१८ को प्रस्ताव "विपद् व्यवस्थापन तथा राहत कोष विधेयक, २०७५" को मस्यौदा तर्जुमा गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. १८/४९-२०७५।०४।१८ को प्रस्ताव "प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५०-२०७५।०४।१८ को प्रस्ताव "कैलाली जिल्लाको कैलारी गाउँपालिकाको वडा नं. ४ को नवलपुर गाउँलाई वडा नं. १ मा समावेश गर्न नेपाल सरकार समक्ष सिफारिश गरि पठाउने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५१-२०७५।०४।१८ को प्रस्ताव "डोटी जिल्लाको आर्दश गाउँपालिकाको वडा नं. ४ को पातल गाउँलाई वडा नं. ५ मा समावेश गर्न नेपाल सरकार समक्ष सिफारिश गरि पठाउने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५२-२०७५।०४।१८ को प्रस्ताव "स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४(३) वमोजिम वोगटान गाउँपालिका डोटीको नाम हेरफेर गरि "वोगटान फुडसिल" गाउँपालिका कायम गर्न नेपाल सरकार समक्ष सिफारिश गरि पठाउने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५३-२०७५।०४।१८ को प्रस्ताव "स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४(३) वमोजिम भागेश्वर गाउँपालिका डडेल्धुराको वडा नं. ४ को गुवाडी टप्पामा केन्द्र सार्न नेपाल सरकार समक्ष सिफारिश गरि पठाउने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५४-२०७५।०४।१८ को प्रस्ताव "संलग्न प्रस्तावमा लेखिए वमोजिम मुख्यमन्त्री र मन्त्रिको पारिश्रमिक तथा सुविधा सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" - सम्वन्धको प्रस्ताव परिमार्जन सहित स्वीकृत गर्ने ।

८. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १८/५५-२०७५।०४।१८ को प्रस्ताव "सुशासन सम्वन्धमा व्यवस्था गर्न विधेयकको मस्यौदा तर्जुमा गर्नकालागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने" - सम्वन्धमा प्रस्तावमा लेखिए वमोजिम गर्ने ।

९. माननीय मुख्यमन्त्रीज्यूबाट ठाडो प्रस्तावको रुपमा प्रस्तुत "मातहत सवै मन्त्रालय/सचिवालय/कार्यालयले आ-आफ्नो निकायको संगठन संरचना र कर्मचारी दरवन्दी एकिन गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने" -सम्वन्धमा मातहत सवै निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।